स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहले अब फिल्म निर्माण गर्ने भएका छन् । सोमबार उनले सामाजिक सञ्जालमार्फत् फिल्म "यानीमाया"को निर्माण घोषणा गरे । पल शाह फिल्म्सको ब्यानरमा बन्न लागेको फिल्मलाई विकास सुवेदीले निर्देशन गर्नेछन् । उनले यसैबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । यसअघि पललाई लिएर उनले थुप्रै म्यूजिक भिडियो बनाएका छन् । उनीहरुबीच निकै घनिष्ट सम्बन्ध छ ।

**आजको विचार...**



कहिले.... (दुई पेजमा)

-दुर्गा प्रसाद अर्याल

तुलसी घिमिरेले ७ वर्षपछि निर्देशनमा पुनरागमन गरेको फिल्म "पहाड"को प्रदर्शन मिति घोषणा गरिएको छ । सोमबार नयाँ वर्षको अवसर पारेर युट्युबमा मोसन पोस्टर सार्वजनिक गर्दै आगामी कात्तिक ७ गतेलाई प्रदर्शन मिति तय गरिएको हो । उक्त मिति भाइटीकाको भोलिपल्ट परेको छ । छठलाई लक्षित गरेर फिल्म प्रदर्शन गर्न लागिएको देखिन्छ । कात्तिक १० गते छठ विदा छ ।



❐ वर्ष ३० ❐ अंक २६० ❐ २०८२ वैशाख ३ गते बुधबार 16 April 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### विस्फोटमा तीन जना प्रहरीको मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामाबाद,वैशाख २/** पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा भएको बम विस्फोटमा तीन जना प्रहरीको ज्यान गएको छ भने १६ जना घाइते भएका छन् । सरकारी प्रवक्ता शाहिद रिन्दका अनुसार घटना मस्तुङ जिल्लाको कुन्द मसुरी क्षेत्रमा भएको हो, जहाँ तालिम केन्द्रबाट फर्किरहेकै क्रममा प्रहरीहरू चढेको गाडीलाई लक्षित गरी विस्फोट गराइएको थियो ।

दुई जना घाइतेको अवस्था गम्भीर छ । सबै घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ । प्रहरी टोली बलुचिस्तान नेशनल पार्टी-मेङ्गल (बीएनपी-एम) द्वारा आयोजना गरिएको धर्नाको सुरक्षामा खटिएको थियो । घटनापछि बोलन मेडिकल कलेज अस्पताल र क्वेटा सिभिल अस्पतालमा आपतकालीन व्यवस्था मिलाइएको छ । सरकारले घटनाको छानबिन सुरु गरेको र विस्तृत प्रतिवेदन मागिएको छ ।

बलुचिस्तान प्रान्तका मुख्यमन्त्री सरफराज बुग्टीले घटनाको कडा निन्दा गर्दै घाइतेहरूको उपचारमा कुनै कमी हुन नदिन निर्देशन दिए । उनले प्रान्तीय स्वास्थ्य मन्त्रीलाई उपचार कार्यको प्रत्यक्ष निगरानी गर्न भने । मुख्यमन्त्री बुग्टीले स्पष्ट रूपमा भने, "घाइतेहरूको उपचारमा कुनै पनि प्रकारको लापरवाही स्वीकार्य हुने छैन ।

## तेस्रो गोरखा-जितगढी पदयात्रा

# सेनाको टोली पाल्पा आइपुग्यो, ऐतिहासिक कोत, गढी र किल्ला पुग्दै

**रामचन्द्र रायमाम्झी**

**पाल्पा, वैशाख २/**तेस्रो गोरखा-जितगढी पदयात्रा सञ्चालन गरेको नेपाली सेनाको टोली पाल्पा आईपुगेको छ । गोरखा, तनहुँ, स्याङ्जा हुँदै मंगलबार पाल्पा आइपुगेको हो ।

चैत २८ गतेदेखि पदयात्रा सुरु भएको थियो । उताबाट आएको फौजले पाल्पामा तैनाथ फौजलाई पाल्पा र स्याङ्जाको सीमाना केलादीघाटमा झण्डा हस्तान्तरण गरेको छ । उक्त टोलीलाई मंगलबार विहान त्यहाँ भव्य स्वागत गरिएको छ । स्वागतमा स्याङ्जा चापकोटा नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष तारादेवी पोखरेलले पाल्पाको रामपुर नगरपालिकाका नगरप्रमुख रमणबहादुर थापालाई झण्डा हस्तान्तरण गरेकी थिइन् । टोलीलाई पाल्पास्थित नेपाली सेनाको द फेमस महिन्द्र दल गणले केलादीमा स्वागत गरेको हो । पदयात्रमा नेपाली सेनाको टोली, जनप्रतिनिधि,



नागरिक, विद्यार्थी, कर्मचारीसँगै पत्रकारको सहभागितामा नेपाली मौलिक बाजा पञ्चेबाजा, राष्ट्रिय झण्डा, सम्बन्धित गणको झण्डा, नेपाली सेनाको ब्याण्डमा नाँच्दै, गाउँदै गरेका दृश्यहरु देख्न सकिन्छ । सेनाले सैनिक नागरिक सम्बन्धको सुमधुर सम्बन्धलाई कायम गरि थप विस्तार गर्न पदयात्राले महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको पदयात्रामा सहभागी सेनाको टोलीलाई स्वागत गर्न पुगेका जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले बताए । ऐतिहासिक महत्व बोकेका गढी, किल्ला, युद्धस्थल, पदमार्ग लगायतका धरोहरको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने तथा सैनिक इतिहासको जगेर्ना गर्ने उद्देश्यले सेनाले पदयात्रा गरिरहेको छ । उक्त पदयात्राका क्रममा सेनाको टोली पाल्पा आइपुगेको हो । यात्राले ऐतिहासिक गढी, किल्ला, दरबार तथा एकीकरणको क्रममा प्रयोग भएका मार्गहरू पहिचान गरी, संरक्षण, सम्वर्द्धन र विकास गर्न सघाउ पुग्ने प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले विश्वास व्यक्त गरे । नेपाली सेनाको आयोजना र स्थानीय तहहरुको सहयोगमा सेना पदयात्रामा निस्किएको हो । *(-बाँकी अन्तिम पेजमा...)*

## विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका, सीमान्तकृत समूहका, अपाङ्गता भएका वालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

***सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।***

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# गुल्मीका अठचालिस प्रतिशत नागरिक स्वास्थ्य बिमाको पहुँचमा

**तम्घास, वैशाख २/**सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमप्रति जिल्लका नागरिकको आकर्षण बढ्दै गएको छ । स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने उद्देश्यले सुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रमबाट जिल्लाका ४८ दशमलव छ प्रतिशत नागरिकले सेवा लिएका छन् ।




सर्वसाधारणलाई गुणस्तरीय उपचार प्रदान गरी स्वास्थ्य सेवाको सुनिश्चित गर्ने लक्ष्यका साथ जिल्लामा विसं २०७६ माघ १९ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको थियो । बाह्र पालिका रहेको जिल्लामा विसं २०७८ को जनगणना अनुसार दुई लाख ४६ हजार ८३६ जनसङ्ख्या छ । हालसम्म जिल्लाका एक लाख १९ हजार ९५४ जनाले स्वास्थ्य बिमा गराएका जिल्लास्थित स्वास्थ्य बिमा बोर्डका संयोजक सुवास घिमिरेले जानकारी दिए । सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमको महत्व र प्रभावकारिता नागरिकले बुझ्न थालेपछि बिमा गर्नेको संख्या बढिरहेको उनले बताए । घिमिरेका अनुसार जिल्लामा सबैभन्दा बढी रेसुङ्गा नगरपालिकाका २३ हजार ३९ र सबैभन्दा कम मदानेका तीन हजार ३६० नागरिकले स्वास्थ्य बिमा गराएका छन् । सरकारले ज्येष्ठ नागरिक, एचआइभी सङ्क्रमित, कुष्ठरोगी र जटिल खालका क्षयरोगीको नि:शुल्क स्वास्थ्य बिमा गरिदिने गरेको संयोजक घिमिरेले बताए । ज्येष्ठ नागरिक (७० वर्ष माथिका) १६ हजार ९५४, एचआइभी सङ्क्रमित १६५ परिवारको ४८१, कुष्ठरोगी तीन परिवारका १२ जना, 'क' वर्गका अपाङ्गता भएका ७७१ परिवारका तीन हजार ८८३ र जटिल खालको क्षयरोग लागेका छ । परिवारका २५ जना नागरिकले नि:शुल्क स्वास्थ्य बिमाको सुविधा लिएका स्वास्थ्य बिमा बोर्ड गुल्मीले जनाएको छ । - *रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# कला संरक्षणमा ध्यान देऊ

चित्रकला हुन वा मूर्तिकला नेपालका कला संस्कृति नयाँ पुस्तामाझ जीवित राख्न सक्ने माध्यम हुन् । नेपालको ऐतिहासिकतासँगै बदलिँदो सांस्कृतिक परिवर्तन देखाउने थलो पनि चित्रकला र मूर्तिकला नै हो । मठमन्दिर, टुँडालमा छरिएका कला हुन वा समुदायमा छरिएर रहेका सांस्कृतिक लोकोक्ति र संस्कारहरु नै किन नहोस्, तिनले नेपाली समाजलाई आमजनमानसमा परिचित गर्नेमात्र होइन अन्तर्राष्ट्रिय समुदायमाझ चिनिने सशक्त माध्यम पनि हो । यस्ता चित्रकला र मूर्तिकला प्रस्फुटन गर्ने कलाकारहरुको आकर्षण दिनप्रतिदिन बढिरहेकै छ । तर उनीहरुले निर्माण गरेका कलाका धरोहर जोगाउन भने मुस्किल बनेको छ । यसतर्फ सरकारको ध्यान जान सकेको छैन् । वर्षमा एक दिन विश्व कला दिवस मनाउने गरिए पनि त्यसले सार्थकता प्राप्त गर्न सकेको छैन् ।

कला र संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष १५ अप्रिलमा विश्व कला दिवस मनाउने गरिन्छ । यस वर्षको दिवस मंगलबार पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ । विडम्वना सदियौंदेखिका ललितकला विधाका स्रष्टाहरूबारे अध्ययन अनुसन्धान भने हुन सकेको छैन् । जसका कारण कला संस्कृति नै हराउँदै जान थालेका छन् । यो अत्यन्त दु:खको कुरा हो । नेपालमा कला क्षेत्रमा लाग्नेहरुले आफ्नै मेहनतले जति सकिन्छ टिक्ने, नसके पलायन हुनुपर्ने बाध्यता छ । यतिसम्म कि कलाकारका बारेमा कसैले जान्न खोजे, कति मूर्तिकार र चित्रकारहरु नेपालमा छन् भन्ने बारेमा सरकारसँग तथ्यांक समेत छैन । ऐतिहासिक कला र ति कलाकारहरुको संरक्षण गर्ने दायित्व सरकारको हो । यो दायित्वबाट सरकार पछाडी हट्न मिल्दैन । सरकारले ध्यान दिनुपर्छ । कलाकृति संरक्षणका लागि सरकारले दीर्घकालिन योजना बनाएर अगाडि बढ्न आवश्यक छ । यसो भने मात्र नेपालका कला, संस्कृतिका संरक्षण गर्न सकिन्छ । अन्यथा यी कलाहरु इतिहासका कथा मात्र बन्ने छन् ।

## Opinion @ Social Network

घमण्डी सोच्नुहोस् या जे सोच्नुहोस् बोल्न नखोज्नेलाई
बोलाउने मेरो बानी छैन चाहे त्यो साथी होस् या आफन्त ।
*(मनोज प्यूठानीको फेसबुक स्टाटसबाट www.facebook.com//Manoj.rm)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कहिले आउला वि.स. २०८४ ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

राजनीतिक दल र तीनका नेतृत्व सत्ताबाट वाहिर बस्न पर्ने वित्तिकै गाउने भजन हो वि.स २०८४ । कसैले यसलाई मिसन ०८४ नाम दिए, कसैले ०८४ मा देखाई दिउला भन्दै भाषण गरे, कसैले २०८४ सम्म हामी सरकारमा जादैनौ भन्दै छेपारे व्यबहार देखाई रहे । कसैले ०८४ मा आमुलै परिवर्तन हुने आश्वासनका भाषण दिईरहे । धेरैले २०८० देखिनै २०८४ को भजन गाइरहे । तर आमनागरिक भन्दै छन् सत्ता र शक्तिका आडमा हुने बेथिती, राज्यका संयन्त्र बीचको हस्तक्षेप र आमनागरिकमा बड्दै गएको उकुसमुकुशको अन्त्य र खबरदारीका लागि जनता परिवर्तन नै हुनुपर्ने वर्ष हो वि.स २०८४ । व्यवस्था परिवर्तन भयो, राजनीतिक दलका उत्कृष्ट घोषणा बने, राजनीतिक दलमा नयाँ पुस्ता पनि भित्रिए, नयाँ राजनीतिक दल पनि बने तर मतदाताले भोट परिवर्तन गर्न नसक्दा, परम्परामा नै रमाउँदा राजनीतिक दलमा केहि नयाँ गर्नु पर्दछ भने दवाव सिर्जना भएको देखिदैन् । सधै देशलाई अस्तव्यस्त अवस्थामा राख्नु हुँदैन् भन्ने नेतृत्वको दृष्टिकोणमा परिवर्तन आएको देखिदैन् । देश परिवर्तनको कुरा गर्ने, देश विकास भएन भन्ने तर आमजनता परिवर्तन हुन् नसक्दा देश, राजनीतिक दल र तीनका नेतृत्व समय अनुसार परिवर्तन हुन् सकेको देखिदैन् । वि.स.२०८४ मा परिवर्तन अनिवार्य छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

वि.स.२०८४ चुनावी बर्ष तीन तहकै सरकारहरु परिवर्तन हुने बर्ष । राम्रो काम गर्नेलाई पुरस्कार स्वरुप पुन: निर्वाचित गर्ने र जनताको पक्षमा काम गर्न नसक्नेलाई दण्ड दिने बर्ष । २०८४ को भजन गाउनेहरुको यर्थाथ धरातल बुझ्ने बर्ष । आजको होइन भोलीमा रमाउनेहरुको वर्ष । मतदाता केहि दिन हावी हुने वर्ष तर लामो समयदेखि विचार परिवर्तन गर्न नसक्दा, छलफल र बहसमा मात्रै परिवर्तनको कुरा गर्ने तर चुनावको समयमा भोट परिवर्तन गर्न नसक्दा केहि राजनीतिक दल र तीनका केहि नेतृत्व देशको साशन व्यवस्था सञ्चालनमा सधै हावी भएको देखिन्छ । यहि कारण देश परम्परा भन्दा माथी उठ्न सकेको देखिदैन् भने केहि सम्भावना बोकेका देश विकास र परिवर्तनको योजना सहितको उद्देश्य बोकेका राजनीतिक दललाई जनताले विश्वास नै गर्न सकेको देखिदैन् । यहि कारण निरन्तर व्यवस्था परिवर्तन भएता पनि संविधानका शब्दहरु परिवर्तन भएता पनि, ऐन नियम परिवर्तन भएता पनि देश सञ्चालनको आधार परम्परा भन्दा माथि उठन् नसकेको सजिलै आंकलन गर्न सकिन्छ । यहि कारण राजनीतिक अस्थिरता र सरकार परिवर्तनको दर स्थायी रुपमा नेपालमा जरा गाडेकै देखिन्छ । त्यसैले वि.स २०८४ परिवर्तनका लागि, नयाँ खोजिका लागि आवश्यक छ । सत्ता र शक्तिका आधारमा अलोकप्रिय निर्णय गर्नेलाई सजाय दिन आवश्यक छ । चरम बेथितीको अन्त्यका लागि आवश्यकता छ । ०८४ भोट परिवर्तनको लागि आवश्यकता छ ।

*वि.स.२०८४ चुनावी बर्ष तीन तहकै सरकारहरु परिवर्तन हुने बर्ष । राम्रो काम गर्नेलाई पुरस्कार स्वरुप पुन: निर्वाचित गर्ने र जनताको पक्षमा काम गर्न नसक्नेलाई दण्ड दिने बर्ष । २०८४ को भजन गाउनेहरुको यर्थाथ धरातल बुझ्ने बर्ष । आजको होइन भोलीमा रमाउनेहरुको वर्ष । मतदाता केहि दिन हावी हुने वर्ष तर लामो समयदेखि विचार परिवर्तन गर्न नसक्दा, छलफल र बहसमा मात्रै परिवर्तनको कुरा गर्ने तर चुनावको समयमा भोट परिवर्तन गर्न नसक्दा केहि राजनीतिक दल र तीनका केहि नेतृत्व देशको साशन व्यवस्था सञ्चालनमा सधै हावी भएको देखिन्छ । यहि कारण देश परम्परा भन्दा माथी उठ्न सकेको देखिदैन् भने केहि सम्भावना बोकेका देश विकास र परिवर्तनको योजना सहितको उद्देश्य बोकेका राजनीतिक दललाई जनताले विश्वास नै गर्न सकेको देखिदैन् । यहि कारण निरन्तर व्यवस्था परिवर्तन भएता पनि संविधानका शब्दहरु परिवर्तन भएता पनि, ऐन नियम परिवर्तन भएता पनि देश सञ्चालनको आधार परम्परा भन्दा माथि उठन् नसकेको सजिलै आंकलन गर्न सकिन्छ । यहि कारण राजनीतिक अस्थिरता र सरकार परिवर्तनको दर स्थायी रुपमा नेपालमा जरा गाडेकै देखिन्छ । त्यसैले वि.स २०८४ परिवर्तनका लागि, नयाँ खोजिका लागि आवश्यक छ । सत्ता र शक्तिका आधारमा अलोकप्रिय निर्णय गर्नेलाई सजाय दिन आवश्यक छ ।*

एक थरी जनमानस भन्दै छन् देश बिग्राने नेता हैनन् जनता हुन् ,जसले लामो समयसम्म आफ्नो भोट परिवर्तन गर्न सकेन्न निरन्तर एउटै दललाई मत दिई रहे । नेताको मासु, भात, रक्सी र आर्थिक प्रलोभनमा मत बिक्री गरिरहे । देशको ठूलो भूगोल ग्रामिण क्षेत्र र जहाँ अशिक्षा व्याप्त रहेको र त्यहि मतदाताको संख्या बढी रहेको कारण नेपालको राजनीति समय अनुसार परिवर्तन हुन् सकेको देखिदैन् ।

**वि.स.२०८४ किन ?**

वि.स. २०८४ चुनावी वर्ष । जनताले चुनेर पठाएका नेतृत्वलाई पुरस्कार वा सजाय दिने बर्ष । राजनीतिक दलले नै अलि प्राथमिकता दिएको बर्ष । जनताले राजनीतिक दलहरु माथि गरेको हिसाब किताबको उत्तर दिने बर्ष । सुशासनको प्रत्याभुती र विधिको साशनको अभ्यासमा सरकारहरु चुकेका कारण पछिल्लो समय देशमा चरम बेथिती बढ्दै गएको छ । यसमा दलहरु चुकेको कारण जनतामा निराशा बढ्दै गएको देखिन्छ । यहि कारण पनि जनता भन्दै छन् वि.स.२०८४ कहिले आउला ? विश्व सूचाकं स्केलमा नेपालमा भ्रष्टाचारको अवस्था दयनिय अवस्थामा रहेको कुरामा दुईमत रहँदैन् । कमिशन, भ्रष्टचार र गैर कानुनी लेनदेनले तिव्रता पाएको देखिन्छ । अस्वभाविक रुपमा बढ्दै गएको भ्रष्टाचार, बेथिती तथा स्वेच्छाचारी क्रियाकलाप नियन्त्रणमा सरकारहरु असफल जस्तै देखिन्छन् । यसमा कमी वा सुधार आउने कुनै संकेत पनि देखिदैन् । सत्ताको आडमा गरिने ढाकछोप र हस्तक्षेपले यसलाई बढाउदै लगेको छ । यस कारण पनि जनता भन्दै छन् वि.स.२०८४ कहिले आउला ? सरकार गर्नु पर्ने कार्य भन्दा नगर्नु पर्ने कार्य गर्न उद्यत देखिन्छ । इमान्दार राष्ट्रसेवक कुलमान घिसिङ जस्तालाई पदबाट हटाउने सरकारको स्वेच्छाचारी रवैया, छुट्टै पहिचान बनाएका काठमाडौका मेयर बालेनसँग जुगाँको लडाई लड्ने देशको प्रधानमन्त्री । यी कारण पनि जनता भन्दै छन् वि.स. २०८४ कहिले आउदछ ? राज्यका सुरक्षा निकाय, संवैधानिक अंगहरु, न्यायलय, कर्मचारीतन्त्र लगायत राज्यका निकायहरुले राम्रोसँग काम गर्न सकेको देखिदैन् । राज्य सञ्चालकका निर्देशन पालना गर्दा गर्दै यी निकायहरु निरिह जस्तै बनेका देखिन्छन् । सरकारको चरम हस्तक्षेपले यी निकायहरु काम गर्न नै नसक्ने अवस्थामा पुगेको देखिन्छ । यहि कारण पनि जागरुक जनता भन्दै छन् वि.स.२०८४ कहिले आउला ? न्यायलयहरुले न्याय दिन सकिरहेका छैनन् । संवैधानिक अंगले स्वायत्तरुपमा काम गर्न पाएका छैन्न, नियन्त्रित र निर्देशित अवस्थामा पुगेको देखिन्छ । जनताको साशन व्यवस्था मानिने गणतन्त्रमा पनि उही अस्थिर राजनीति अवस्था, उही सरकार परिवर्तनको अवस्थाले निरन्तरता पाउनु, राजनीतिक दलहरु जनताका लागि भन्दा सत्ता प्राप्तिका लागि केन्द्रीत हुनु, सत्ताका लागि विवेक, इमान्दारीता र नैतिकता नै गुमाउने कार्य गर्नु । अस्थिरता केन्द्रमा मात्रै नभएर सात वटै प्रदेशमा देखिनु । यी कारणले गर्दा जनता भन्दै छन् वि.स २०८४ कहिले आउला ?

**निष्कर्ष :**

वि.स. २०८४ यो सामान्य गन्तीको बर्ष मात्रै होइन् । देश विकास र परिवर्तनको आधारतय गर्ने बर्ष पनि हो । अबको दुई वर्ष पछि घर-घर का क्यालेण्डरमा वि.स.२०८४ देख्न पाईने छ भने सरकार र देश सञ्चालनका क्षेत्रहरुमा नयाँ-नयाँ अनुहारका राजनीतिक नेतृत्व । त्यसैले अरु वितेका बर्ष जस्तो ०८४ लाई हल्का रुपमा हैन् फरक रुपमा लिन जरुरी देखिन्छ । आजै देखि ०८४ को तयारीमा लागौं देश विकास, जनताको जीवनस्तर र दैनिकी सुधार गर्न सक्ने राजनीतिक दल, राजनीतिक नेतृत्व चयनका लागि मनस्थिती परिवर्तन गरौं, परम्परालाई त्यागौ र यसैको तयारी थालौ । वि.स. २०८४ लाई जनताको बर्ष बनाऔ । बर्षौदेखिको बेथिती र निरन्तरताको क्रम भंग गरौं । हामी परिवर्तन भयौं भने मात्रै बर्ष परिवर्तनले सार्थकता पाउने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ । | **तुला** : आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । |
| **वृष** : गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **वृश्चिक** : मित्रबाट विशेष सहयोग मिल्नेछ । कारोवारमा सफलता पाईएला । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । | **धनु** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कर्कट** : अलंकारको प्राप्ति हुनेछ । मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । | **मकर** : विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ । |
| **सिंह** : विद्या र बुद्धिको विकास हुनेछ । काममा राम्रै फड्कोमार्न सकिनेछ । | **कुम्भ** : विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ । |
| **कन्या** : दवाब र तनाव बढेको महसुस हुनेछ । प्रेमबिच खिन्नता बढ्नेछ । | **मीन** : मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |

## कला मनोरञ्जन

# रणवीर कपूरकी बहिनी अब फिल्ममा



कुनै समय कपूर परिवारमा केटीहरूलाई बलिउडमा काम गर्न प्रतिबन्ध लगाइएको थियो । कपूर परिवारका बुहारी र छोरीहरूलाई फिल्ममा काम गर्न दिइने गरिएको थिएन ।

तर करिश्मा कपूरले आफ्नो परिवारको विरुद्धमा गएर बलिउडमा प्रवेश गरिन् र आफ्नो उँचो स्थान बनाइन् र त्यसपछि जब उनले यो सफलता हात पारिन् तब उनकी बहिनी करीना कपूरले पनि दिदीको पाइला पछ्याइन् ।

यसै बीचमा यो खबर आएको छ कि अब चाँडै कपूर परिवारकी अर्की छोरी पनि मनोरञ्जन क्षेत्रमा आफ्नो विशेष स्थान बनाउन आउँदै छिन् । समाचार अनुसार चर्चित कमेडियन कपिल शर्मा अब कपूर खानदानकी छोरीसँग स्क्रिन शेयर गर्न लागि परेका छन् । अब जसको बलिउड डेब्यु भएको खबर बाहिर आएको छ । उनी हुन् रणवीर कपुरकी जेठी बहिनी र नीतू कपूर-ऋषि कपूरकी छोरी एवं रणवीर कपूरकी बहिनी रिद्धिमा कपूर ।

यो खबरले रिद्धिमा बलिउडमा डेब्यु गर्दैछिन् भन्ने कुराको पूर्ण पुष्टि भइसकेको छ । राज कपूरको परिवारकी अर्की महिला सदस्य पारिवारिक व्यवसायमा सामेल हुन तयारी अवस्थामा छिन् किनभने रिद्धिमा कपूर अब बलिउड अभिनेत्री बन्ने भएकी छिन् । कमेडियन कपिल शर्माको फिल्म 'किस किस से प्यार करू ?' बाट अभिनेत्री बन्ने गरी रिद्धिमा कपूर बलिउडमा प्रवेश गर्ने तयारीमा छिन् । आशिष आर मोहन निर्देशित कमेडी फिल्ममा रिद्धिमा कपूरले उनीसँग स्क्रिन शेयर गर्ने हल्लाको पुष्टि स्वयं कपिल आफैँले गरेका छन् । जसरी रिद्धिमाले करियर बदलेकी छिन्, त्यो सबैका लागि ठूलो आश्चर्य हो ।

वास्तवमा रिद्धिमा कपूरलाई पहिले कहिल्यै अभिनय करियरमा रुची थिएन । केही वर्षअघि उनकी आमा नीतू कपूरले एक अन्तर्वार्तामा रिद्धिमा घरमा खुशी रहेको बताएकी थिइन् । परिवारले रिद्धिमालाई कुनै पनि काम गर्नबाट रोकेको भने थिएन । तर बाल्यकालदेखि नै रिद्धिमा कपूर फेशन डिजाइनिङ गर्न चाहन्थिन् किनभने उनलाई लाग्थ्यो कि अभिनय भनेको कुनै चियाको कप होइन, जति खेर मन लाग्यो, त्यतिखेर उचाल्न मिल्ने । खासमा पछिल्लो समयमा नीतूलाई रिद्धिमाको मिमिक्री एकदमै राम्रो लाग्यो। उनलाई राम्रो अफर पनि आयो तर उनी त्यसका लागि तयार थिइनन् । यससँगै अब रिद्धिमाको मनसाय फेरिएको देखिन्छ । र उनी कपिल शर्मासँग अन स्क्रिन शेयर गर्न राजी भएकी छिन् ।

*-हाम्राकुरा डटकम*

# 'बोक्सीको घर' र 'मनसरा' सिनेमाघरमा रिलिज




नेपालकै अग्रणी ओटिटी प्लेटफर्म 'सिनेमाघर'ले नयाँ वर्ष २०८२ को पावन अवसर पारेर दुई ब्लकबस्टर चलचित्रहरू 'बोक्सीको घर' र 'मनसरा' एकसाथ रिलिज गरेको छ। नेपालमा हलमा हेर्न नपाएका र विदेशमा रहने नेपालीहरूलाई लक्षित गरी रिलिज भएका यी दुवै चलचित्रले नेपाली समाजका गहिरा सामाजिक पक्षहरूलाई उजागर गरेका छन् ।

सुलक्षण भारतीको लेखन तथा निर्देशनमा बनेको 'बोक्सीको घर' चलचित्रले नेपाली समाजमा विद्यमान 'बोक्सी' भन्ने कुप्रथालाई केन्द्रमा राखेर कथा प्रस्तुत गरेको छ। चलचित्रमा अभिनेत्री केकी अधिकारीले मुख्य भूमिका निर्वाह गरेकी छन्, जसमा उनले बोक्सीको आरोप खेप्नुपरेकी एक महिलाको पीडादायी अनुभवलाई जीवन्त रूपमा प्रस्तुत गरेकी छन् । यो चलचित्र २०८१ वैशाख १४ गते हलमा प्रदर्शनमा आएको थियो र ५१ औं दिनसम्म प्रदर्शनमा रही व्यावसायिक रूपमा सफल भएको थियो । यस चलचित्रमा बालविवाह भएकी बालिका, उनीमाथि लागेको बोक्सीको आरोप, पिपलको रुखलाई प्रयोग गरेर बोक्सीको आरोप लगाइएकी महिला पात्र, र समाजले गर्ने शोषणको कथालाई मुख्य विषय बनाइएको छ । यस्तै, उपेन्द्र सुब्बाको निर्देशनमा बनेको 'मनसरा' चलचित्रले ग्रामीण जीवनको संवेदनशील पक्षहरूलाई उजागर गरेको छ । यस चलचित्रमा दयाहाङ राई, मिरुना मगर, मेनुका प्रधान, र प्रवीण खतिवडाले मुख्य भूमिका निर्वाह गरेका छन्। यो चलचित्र २०८१ साल वैशाख २१ गते हलमा रिलिज भएको थियो । यस चलचित्रमा काठ क्षेत्रका गरिखाने वर्ग र उनीहरूको सम्बन्धको आयामलाई देख्न सकिन्छ ।'सिनेमाघर' नेपालकै अग्रणी ओटिटी प्लेटफर्म हो, जसले नेपाली चलचित्रहरूलाई डिजिटल माध्यमबाट दर्शकहरूसम्म पुर्‍याउने कार्य गर्दै आएको छ । यस प्लेटफर्मले नेपाली चलचित्र उद्योगलाई डिजिटल युगमा प्रवेश गराउने महत्त्वपूर्ण भूमिका खेलेको छ । सिनेमाघरको एप एन्ड्रोइड र आइओएस मोबाइलहरू, स्मार्ट टिभीमा उपलब्ध छ भने ल्यापटप तथा डेस्कटपमा वेब ब्राउजरमार्फत प्रयोग गर्न सकिन्छ । यसमा चलचित्र हेर्न चाहने दर्शकले संसारभरबाट मास्टर कार्ड तथा भिसा कार्ड प्रयोग गरी एवम् नेपाल तथा भारतबाट सरल रूपमा विभिन्न डिजिटल वालेटहरू तथा क्युआर कोड भुक्तानी गर्न सक्नेछन् । *-डिसीनेपाल डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा


# Culinary Maestro Inspires Nepal's Next Generation: Chef Arjun Subedi's Journey



Chef Arjun Subedi has been a shining star in the culinary world since 2018, proudly embracing his role as a chef with passion and dedication. A graduate of the prestigious Silver Mountain School of Hotel Management, affiliated with the American Hospitality Academy-one of Nepal's top hotel management institutions-Subedi honed his skills through invaluable experiences at five-star hotels in Nepal and abroad. Currently, he serves as the head chef at Red Pepper Boutique Hall's banquet facility in Syangja, a renowned chain with branches across the region.




Beyond the kitchen, Subedi is a committed educator in culinary arts and hospitality management. He teaches both practical and theoretical courses to 11th and 12th-grade students at Nepal Aadarsh Campus, inspiring them with his expertise and enthusiasm. As a role model, he encourages young people to pursue careers in hospitality, emphasizing its potential to shape them into skilled entrepreneurs and vital contributors to Nepal's tourism industry.



Subedi's infectious passion has motivated countless students and youths, both directly and indirectly, to chase their dreams in the culinary and hospitality fields. His vision for a vibrant, youth-driven hospitality sector continues to spark inspiration. We extend our heartfelt best wishes to Chef Arjun Subedi for a bright and impactful future, as he continues to elevate Nepal's culinary landscape and nurture the next generation of talent.

*(Sponsored Material : प्रायोजित सामाग्री)*

# 'सिटामोल'को प्रदर्शन मिति साउन २३



चलचित्र 'सिटामोल'को प्रदर्शन मिति घोषणा भएको छ । राज बहादुर सानेको निर्देशनमा निर्माण भएको चलचित्र 'सिटामोल' साउन २३ गते रिलिज हुने भएको छ । सार्वजनिक पोस्टरमा सिनेमाका मुख्य कलाकार सौगात मल्ल र बेनिशा हमाल फिचर्ड छन् । पोस्टरमा सौगात वैशाखीको सहाराले हातमा रातो भाले समातेर उभिएका छन् । उनको छेउमा बेनिशा बच्चा बोकेर प्रशन्न मुद्रामा देखिन्छिन् । सिनेमामा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । चलचित्रले माओवादी जनयुद्धको कथा उठान गरेको छ । सौगातले सिनेमामा जनयुद्धको घाइतेको भूमिका निवार्ह गरेका छन् । चलचित्रमा सौगात र बेनिशासँगै लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतम, दिनेश रेग्मीलगात कलाकारको अभिनय छ । 'सिटामोल'को कथा प्रदीप भारद्वाज र निर्देशक सानेले लेखेका हुन् । सिनेमामा भुगोल कुमार कार्की र विकाश राज जोशी निर्माता छन् । अप्सरा नेपाली, अजय मल्ल र कुमार केसी कार्यकारी निर्माता अनि गंगाराम श्रेष्ठ सहनिर्माताको रूपमा रहेका छन् ।

*-बाह्रखरी डटकम*

# पाल्पाका पर्यटकीय स्थलहरुमा भिड



**पाल्पा, वैशाख २**/नयाँ वर्षका अवसरमा पाल्पाका विभिन्न पर्यटकीय तथा धार्मिक स्थलमा आन्तरिक पर्यटकको भिड लागेको छ । विभिन्न क्षेत्रबाट रमाइलो र आनन्दका लागि घुम्न आउने तथा नदीहरुमा स्नान गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरुले नयाँ वर्षको पहिलो दिन ति क्षेत्रहरुमा विहानैदेखि भिड लागेको थियो ।

"पहिले नै पाल्पाको श्रीनगर आउने इच्छा थियो,त्यो इच्छा बल्ल अहिले पुरा भएको छ" श्रीनगरमा भेटिएका भैरहवाका दीपेन्द्र सुनारले भने । विगतमा कार्यव्यस्तताले घुम्न नपाइएकोमा यस वर्ष भने एक हप्ता अघिदेखि नै समय मिलाएर रमाइलो र आनन्द लिन परिवारसहित श्रीनगर आएको उनको भनाई छ । "अरु बेला आृनो काममा व्यस्त भइन्छ, नयाँ वर्ष छोराछोरीलाई रमाइलो र हौसला बढाउनका लागि घुम्न आएको हुँ", सुनारले भने ।

एसियाकै ठूलो त्रिशुल रहेको भैरवस्थान मन्दिरमा परिवारसहित घुम्न पुगेका बुटवलका प्रेम रिजाल पनि नयाँ वर्षलाई परिवारको खुशी र मनोरञ्जन प्रदान गर्नका लागि समय मिलाएर घुम्न आएको बताए । "अरु समय अफिसको काममा व्यस्त भइन्छ, फुर्सद नै मिल्दैन", उनले भने, "वर्षको एकपटक नयाँ पर्व पनि भएकाले परिवारलाई समय दिएर खुशी साट्नका लागि आएको हुँ ।"

नेपालको ताजमहल र प्रेमको प्रतिकका रुपमा चिनिएको रानीमहल क्षेत्रमा पनि उत्तिकै भिड लागेको छ । साथीहरुसँगै त्यहाँका पुगेका बगनासकालीका सुशिल बस्यालले पनि नयाँ वर्षको अवसरमा घुम्न आएको बताए । उनले रानीमहलमा पुगेर आृना साथीहरुलाई फेसबुक लाइभमार्फत शुभकामना सन्देश समेत दिए । "अघिल्लो वर्षमा भन्दा यसवर्ष अधिक भीड रहेको छ," उनले भने, "घुम्ने संस्कृतिको विकास भएको हो कि भन्ने लागेको छ ।" नयाँ वर्षको पहिलो दिन सोमबार बिहानैदेखि रानीमहलमा मानिसको चहलपहल बढेको उनले बताए । नयाँ वर्ष मनाउन आन्तरिक पर्यटक आएका हुन् । परिवार, समुह, नवजोडीहरु यहाँका पर्यटकीय स्थलहरु पुगेका छन् ।

विशेष गरी तानसेनको श्रीनगरडाँडा, रानीमहल, रुरु क्षेत्र, तेल्घा, रिब्दीकोटको भैरवस्थान, रम्भाको रिमिघा लेक, कौडे लेक, तिनाउको जन्तीलुङ्ग, मरामकोट रम्भादेवी, बंशगोपाल पार्क, तालपोखरा, कौडेलेक, रिडी, राम्दी लगायतका चर्चित पर्यटकीय तथा धार्मिकस्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटकहरुको भिड लागेको हो । नयाँ वर्ष मनाउन विभिन्न कार्यक्रम गर्ने, पिकनिक खाने र घुम्न आउनेहरुले यहाँका पर्यटकीयस्थहरुको रौनक बेग्लै बनाएको थियो ।

# सेनाको टोली पाल्पा आइपुग्यो...

...उक्त टोलीको प्रतिनिधि मण्डल र पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' ले मंगलबारदेखि पाल्पाको गढी तथा किल्लासम्मको यात्रा गर्ने छन् । उक्त टोलीले पहिलो दिन केलादीघाट हुँदै देवीस्थान बगैचा, श्रीनगर होटल दर्छा सिताकुण्ड, तुने भञ्ज्याङ्ग, बेलडाँडा, सिलुवा पिलुवा जब्बादी, विरकोट ३५ किलोमिटर यात्रा गर्दै छ ।

वैशाख ३ गते विरकोट बाकुमगढी देउराली, हुमिन देविनगर, झडेवा जगत गोठादी हुँदै माथागढी ३९ किलोमिटर टोलीले पदयात्रा गर्ने पाल्पास्थित 'दि फेमस महिन्द्र दल गण' का गणपति प्रमुख सेनानी भूपेन्द्र गुरुङ्गले जानकारी दिए । उनका अनुसार बैशाख ४ गते माथागढी, गोठादी झडेवा हर्नेटार, मर्मरा शिकारकोट, दमार, सराई माडी दमकडा हुँदै बाँसटारी प्रभास ३५ किलोमिटर यात्रा गर्ने छ । बैशाख ५ गते प्रभास, लामडाँडा, बर्तुङ्ग, तानसेन, काजीपौवा हुँदै पुन: प्रभास आएर १७ किलोमिटर यात्रा गरि वास बस्ने छ । सोही दिन तानसेनमा सर्वसाधारणदेखी जिल्लाका प्रमुख स्थानहरुको अवलोकन तथा कर्णेल उजिर सिंह थापाले निर्माण गरेको भगवती मन्दिरको दर्शन गर्ने कार्यक्रम पदयात्रीहरुको रहेको छ । वैशाख ६ गते प्रभास डुम्रे, मस्याम हटिया, मरेक, रानीवास दोभान ३२ किलोमिटर यात्रा गर्ने छ । बैशाख ७ गते नेपाली सेनाले अंग्रेज सेनालाई पराजित गरी विजय उत्सव गरेको दिन पदयात्रा टोलीले दोभान नुवाकोटगढी देउरालीमा पुगी बुटवलको टोली तारादल गणलाई झण्डा हस्तान्तरण गरी जितगढी विजय उत्सवमा सहभागी हुने कार्यक्रम रहेको छ ।

तत्काली समयमा राज्य एकिकरणको क्रममा प्रयोग भएका सम्पादहरु गढी, किल्ला, मार्ग देखि नेपाल-अंग्रेज युद्ध र नेपाली सेनाको विरासतसँग जोडिएका ऐतिहासिक दस्ताबेज, महिमालाई नयाँ पुस्ता माझ पुर्नताजगी गराउन पदयात्राले सहयोग पुगेको श्री २२ नंम्बर बाहिनी अड्डा बुटवलका बाहिनीपति सहायक रथी पुरुषोत्तम खड्काले बताए ।

'एकीकरण मार्गलगायत ऐतिहासिक धरोहरको जगेर्ना गर्ने, ऐतिहासिक एकीकरण सम्बन्ध भावी पुस्तालाई हस्तान्तरण गर्ने यो अवसर पनि हो,' द फेमस महिन्द्र दल गणका सेनानी जितबहादुर कार्कीले भने, 'राष्ट्रिय एकताको भावना थप प्रगाढ बनाउने छ ।' पर्यटन सम्भावनालाई खोजी गर्दै पदमार्गको विकास गर्ने, वर्तमानलाई भविष्यसँग जोड्न पदयात्रा गर्न लागिएको संयोजक कार्कीले बताए ।

पदयात्रामा नेपाली सेनाका ५३ जना अधिकृत, सकलदर्जा, सुरक्षाकर्मीको सहभागिता रहेको छ । पदयात्रा गोरखाबाट सुरु भई रुपन्देहीको जितगढी किल्ला पुगेर विजय उत्सवका रुपमा सहभागी भई टुँगीने छ । नेपाल आक्रमणमा आएको अंग्रेज सेनालाई पराजित गरेको दिनको स्मरण गर्दै बैंशाख ७ गते ऐतिहासिक स्थल जितगढी किल्लामा विजयोत्सव मनाउने गरिन्छ । १८७२ वैशाख ७ मा अंग्रेज सेनामाथि नेपाली सेनाले विजय प्राप्त गरेको दिन पारेर बुटवल उपमहानगरपालिकाले हरेक वर्ष विजयोत्सव मनाउँदै आएको छ । जितगढी किल्लालाई केन्द्रविन्दु बनाएर तत्कालीन पाल्पा राज्यका कर्णेल उजिरसिंह थापा नेतृत्वको फौजले झण्डै ३ महिना अंग्रेजसँग लडेको र दुईपटक अंग्रेज सेनाले आक्रमण गर्दा पनि उसलाई पराजित गर्दै गोरखपुरसम्म लखेटेको दिनलाई विजयोत्सवका रूपमा लिने गरिएको छ ।

## खेलकुद समाचार

# श्रेयस बने 'आईसीसी प्लेअर अफ द मन्थ'




**काठमाडौं, वैशाख २**/भारतका मध्य-क्रमका ब्याटर श्रेयस अय्यर मार्च महिनाका लागि आईसीसीको उत्कृष्ट पुरुष खेलाडी बनेका छन् । न्युजिल्यान्डका ज्याकब डुफी र रचिन रविन्द्रलाई पछि पार्दै अय्यर 'आईसीसी प्लेअर अफ द मन्थ' बनेका हुन् ।

आईसीसी च्याम्पियन्स ट्रफीमा भारतलाई उपाधि जिताउनका लागि ३० वर्षीय अय्यरले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनले प्रतियोगिताभारि २४३ रन बनाएका थिए । अय्यरले च्याम्पियन्स ट्रफीको सेमिफाइनलमा अस्ट्रेलियासँगको खेलमा ६२ बलमा ४५ रन र फाइनलमा न्युजिल्यान्डसँगको खेलमा ६२ बलमा ४८ रन बनाएका थिए ।

भारतले लगातार दोस्रो महिना उत्कृष्ट पुरुष खेलाडीको पुरस्कार जितेको हो । गएको फेब्रुअरी महिनामा शुभमन गिलले यो पुरस्कार जितेका थिए । यस्तै मार्च महिनामा महिलातर्फ अस्ट्रेलियाकी युवा ब्याटर जर्जिया वोल उत्कृष्ट खेलाडी बनेकी छिन् । उनले अस्ट्रेलियाकै अनाबेल सुथरल्यान्ड र अमेरिकाकी चेतना प्रसादलाई पछि पारिन् ।

गएको मार्चमा तीन खेलको टी-२० शृङ्खलामा अस्ट्रेलियाले न्युजिल्यान्डलाई 'ह्वाइटवाश' गर्दा २१ वर्षीया जर्जिया वोलले महत्त्वपूर्ण भूमिका निभाएकी थिइन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# राष्ट्र बैंकले ल्यायो पाँच रुपैयाँका नयाँ नोट चलनचल्तीमा



**पाल्पा, वैशाख २**/नेपाल राष्ट्र बैंकले वैशाख २ (मंलबार) देखि पाँच रुपैयाँ दरका थप १० लाख थान नयाँ नोट चलनचल्तीमा ल्याएको छ । साबिककै आकार तथा रङ्गमा पाँच रुपैयाँका नयाँ नोट चलनचल्तीमा ल्याएको हो ।

उक्त नयाँ नोटमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको दस्तखत रहेको छ । नोटको अग्रभागमा बायाँतर्फ सगरमाथाको चित्र र दायाँतर्फ लालिगुराँसको पानी छाप रहेको छ । सो नोटको तल्लो भागको किनारामा विसं २०८१ लेखिएको छ । यस्तै, नोटको पछिल्लो भागको माथिल्लो खण्डमा अंग्रेजीमा नेपाल राष्ट्र बैंक, मध्यभागमा जंगली याक र हुम्लाको लिमी क्षेत्रको हिमालको चित्र र तल्लो भागको किनारामा अंग्रेजीमा रुपैयाँ फाइभ तथा मिति लेखिएको छ ।

साविककै आकार तथा रंगमा नम्बर ४५००००१ देखि भ १८९९९९९ का नोटहरू चलनचल्तीमा ल्याएको राष्ट्र बैंकले जनाएको छ ।

# सुनचाँदीको मूल्य घट्यो




**पाल्पा, वैशाख २**/स्थानीय बजारमा सुनको मूल्यमा मंगलबार गिरावट आएको छ । नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार एक हजार सात सय रुपैयाँले सुनको मूल्यमा गिरावट आएको हो ।

सुन गत आइतबार हालसम्मकै उच्च बिन्दुमा पुगेको थियो । गत आइतबार प्रतितोला एक लाख ८६ हजारमा कारोबार भएको सुनको मूल्य मंगलबार तोलामा एक हजार सात सयले घटेर एक लाख ८४ हजार तीन सयमा किनबेच भएको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । यसअघि सोमबार सार्वजनिक बिदा परेकाले कारोबार भएन ।

त्यस्तै सोही दिन चाँदी तोलामा १५ घटेर एक हजार ९ सय ४५ मा खरिदबिक्री भएको छ । शुक्रबार एकतोला चाँदी १ हजा ९ सय ६० रुपैयाँमा किनबेच भएको थियो । अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस तीन हजार २ सय २५ अमेरिकी डलर हाराहारीमा कारोबार भईरहेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई